आज मिति २०७६ साल वैशाख ०८ गते रामेछाप नगरपालिका, नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री नर वहादुर थापा मगरज्यूको अध्यक्षतामा वसी देहायका विषयहरुमा छलफल एवं निर्णयहरु भयो ।

उपस्थिति

१. नगर प्रमुख श्री नर वहादुर थापा मगर
२. नगर उप प्रमुख श्री श्रृजना खड्का
३. वडा नं. १, वडा अध्यक्ष श्री नर वहादुर थापा क्षेत्री
४. वडा नं. २, वडा अध्यक्ष श्री निर वहादुर श्रेष्ठ
५. वडा नं. ३, वडा अध्यक्ष श्री भूपाल राज श्रेष्ठ
६. वडा नं. ४, वडा अध्यक्ष श्री टुपेन्द्र वहादुर तामाङ्ग
७. वडा नं. ५, वडा अध्यक्ष श्री भिम वहादुर तामाङ्ग
८. वडा नं. ६, वडा अध्यक्ष श्री धन वहादुर खड्का
९. वडा नं. ७, वडा अध्यक्ष श्री समीर कार्की
१०. वडा नं. ८, वडा अध्यक्ष श्री केदार कार्की
११. वडा नं. ९, वडा अध्यक्ष श्री चन्द्र वहादुर श्रेष्ठ
१२. नगर कार्यपालिका सदस्य श्री जमुना हायु
१३. नगर कार्यपालिका सदस्य श्री समिता वि.क.
१४. नगर कार्यपालिका सदस्य श्री ज्ञानुदेवी वस्नेत कार्की
१५. नगर कार्यपालिका सदस्य श्री अनिता काफ्ले
१६. नगर कार्यपालिका सदस्य श्री कविता रिसाल
१७. नगर कार्यपालिका सदस्य श्री रुकुम हायु
१८. नगर कार्यपालिका सदस्य श्री सरोज कटुवाल
१९. नगर कार्यपालिका सदस्य श्री जनक राज सुनुवार
२०. प्रमुख प्रशासकीय अधिकृत श्री इश्वर राज दाहाल

आमन्त्रित

२१. लेखा अधिकृत श्री [illegible] सुवेदी

छलफलका विषयहरु :

१. गत आ.व ०७४/७५ को बांकी रकम सम्वन्धमा ।

२. शिक्षा सम्वन्धी ।

३. सशर्त बजेट खर्च सम्वन्धी ।

४. सहकारी सम्वन्धी कामको जिम्मेवारी तोक्ने सम्वन्धी

५. संचार माध्यम संग संझौता गर्ने बारे

६. छलफलमा आएका अन्य विषयहरु

निर्णयहरु :

१. गत वर्षको बांकी वजेटमा भएको विनियोजनको खर्च र बांकी विबरण अर्को नगर कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरीयो ।

२.मिति २०७६/१/६ मा बसेको शिक्षा समितिको सिफारिस समेतका आधारमा देहाय बमोजिम गर्ने निर्णय गरीयो :

क. चालू आ.व. २०७५/७६ को विद्यालय क्षेत्र विकास कार्यक्रम तर्फ सशर्त अनुदानका योजनाहरु पुस्तकालय,आई.सि.टी.र बिज्ञान प्रयोगशाला कार्यक्रमहरु बिगत देखि वितरण भएका आधारमा दोहोरो नपर्ने गरी वितरण गर्ने ।

ख. चालू आ.व. २०७५/७६ को विद्यालय क्षेत्र विकास कार्यक्रम तर्फ सशर्त अनुदानका योजनाहरु खानेपानी तथा शौचालय तपसील बमोजिमका विद्यालयहरुलाई वितरण गर्ने :

१. हिमगंगा मा.वि.सांघुटार

२. कालिका इश्वरी आधारभूत विद्यालय बांकीमेरी

ग. चालू आ.व. २०७५/७६ को विद्यालय क्षेत्र विकास कार्यक्रम तर्फ सशर्त अनुदानका भौतिक सुविधा ४ कोठे भवन आ.व. २०७४/७५ क्रमागत योजना कार्यसम्पादन,प्रगति एवं प्राविधिकको सिफारिस समेतको आधारमा कालिका इश्वरी आधारभूत विद्यालय बांकीमेरीलाई दिने ।

घ. चालू आ.व. २०७५/७६ को विद्यालय क्षेत्र विकास कार्यक्रम तर्फ सशर्त अनुदानका योजना २ कोठे भवन सिद्धेश्वर आधारभूत विद्यालय धिपिडांडा सुकाजोरलाई उपलब्ध गराउने ।

ङ.शिक्षक सरुवाको सहमति र विद्यालय कक्षा थपको अनुमति प्रदान गर्दा निम्न अनुसारको शुल्क लिने

इश्वर राज दाहाल
प्रमुख प्रशासकीय अधिकृत

नर बहादुर थापा म.
प्रमुख

Scanned by CamScanner

१. शिक्षक सरुवा : आधारभूत तहको लागि रु.५००।- र माध्यामिक तहको लागि रु. १०००।-

२. संस्थागत विद्यालय अनुमति र तह थप : आधारभूत विद्यालयका लागि रु. २५००।- र माध्यमिक तहको लागि रु. ५०००।- र सामुदायिक विद्यालयको लागि सो को ५० प्रतिशत ।

३. सशर्त तर्फको कार्यक्रम र बजेट खर्चको हालसम्मको प्रगति विवरण सम्वन्धमा जानकारी भयो ।

४. यस नगरपालिकाको सहकारी सम्वन्धी कामहरु हेर्ने जिम्मेवारी स्वकिय सचिव श्री लक्ष्मण श्रेष्ठलाई दिने निर्णय गरीयो ।

५. नगर प्रमुख समेतबाट यस अघि अनुगमन भएका र भुक्तानी भएका सबै योजनाहरु फरफारक र अनुमोदन गर्ने निर्णय गरीयो

क.च्यास्कु -डाँसिंटार धनेघाट नगरस्तरीय सडक योजना वडा नं ६

ख.भेटनरी लामागाँउ सिमान्ति डुडे भोटेटारहार सडक योजना वडा नं ८

ग. लाम्टे बस्नेत गाउं कात्तिके सांघुटार सडक वडा नं २

घ.लेखडाँडा लाम्टे गोगने सडक ट्र्याक आपन वडा नं. १र २

ङ.खराने जागने देवाली चैर लर्खु सडक स्तरोन्नति वडा नं १

च.देवाली चौर रातोडाँडा धर्सेनी सडक वडा नं.१

छ.मुगान दिङ्ला मुगान ढिपीडाडा आग्रीगाउ तल्ले रजयछाप सडक ट्रायक ओपन वडा नं. ७

ज.कारागार पात्लेबेशी वरपिपल ढाडटोल सडक वडा नं. ७

झ.फुन्द्रिखोला खुर्सानि डाँडा बोलङबोलङ फ्यामेटार सडक स्तरउन्नति र ट्रेक ओपन वडा नं. ४

ञ.तिलबारी लिफ्ट खानेपानी योजना वडा नं. ४

ट.भालुखोप आरब्रेपानी ड्रिल खानेपानी योजना वडा नं. ६

ठ.महाकाली दुर्गा शिव मन्दिर व्यवस्थापन वडा नं. ७

ड. हिमगंगा घुमाउने पोखरी पिकनिक स्थल निर्माण वडा नं. ४

इश्वर राज दाहाल
प्रमुख प्रशासकीय अधिकृत

नर बहादुर थापा मगर
प्रमुख

Scanned by CamScanner

साथै यस अघि नियमानुसार सम्पन्न भै भुक्तानी भएका देहायका योजनाहरु अनुमोदन एवं फर फारक गर्ने निर्णय गरीयो ।

क.किरोमारे ढाड विराले ढाड घोरेटो बाटो निर्माण वडा नं. १

ख.भिमसेन थान चिउरीबोट मरिङ्ग घाट सडक वडा नं. ९

ग.विर्ता लिफ्ट सिचाई योजना वडा नं. ७

घ.काभ्रे रामपुर बसन्तपुर चुकियाघाट सडक वडा नं. ५

ङ.चारघरे सल्लेनि सडक निर्माण वडा नं. ५

च.रिठ्ठा बोट सिलिङ्गे र दाइजोर छाप टोल सडक मर्मत तथा निर्माण वडा नं. ५

छ.ग्वाले लिनाखर्क डाँडा र रामपुर चारघरे सडक मर्मत तथा निर्माण वडा नं. ५

ज.रामपुर खेल मैदान निर्माण वडा नं. ५

झ.वडा स्तरीय खानेपानी मर्मत वडा नं. ६

ञ.थुम्का दारिमबोट मुडाजोर मझुवा गैरिटोल थल डाँडा सडक ट्रायक आपन वडा नं. ७

६. वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७४(परिमार्जित) बमोजिम गठन हुने अनुगमन तथा सुपरीवेक्षण समितिमा देहायका सदस्यहरु मनोनयन गर्ने निर्णय गरीयो

क. नगर कार्यपालिका सदस्य श्री ज्ञानुदेवी बस्नेत कार्की

ख. नगर कार्यपालिका सदस्य श्री सरोज कटुवाल

७. यस नगरपालिका क्षेत्रमा महत्वपूर्ण व्यवसायको रुपमा रहेको जुनार खेतीलाई संरक्षण गर्न एवं जुनार बगैचामा लाग्ने रोग र किरा नियन्त्रणका लागि यस नगरपालिका,कृषि ज्ञान केन्द्र र कृषक स्वयंको पनि संयुक्त सहभागिता हुने गरी जुनार किरा नियन्त्रणका लागि कृषि फसल कार्यक्रममा विनियोजित शीर्षकबाट रु. ५ लाख र फोहोर मैला व्यवस्थापनमा विनियोजित शीर्षकबाट रु.५ लाख समेत रु. १० लाख अनुदान उपलब्ध गराउने निर्णय गरीयो ।

इश्वर राज दाहाल
प्रमुख प्रशासकीय अधिकृत

नर बहादुर थापा मगर
प्रमुख

Scanned by CamScanner

८. यस नगरपालिकामा पेश भएका निवेदन बमोजिम देहाय व्यक्ति तथा संस्थाहरुलाई देहाय अनुसार आन्तरिक आयबाट आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरीयो ः

क.नेपाल स्काउट,जिल्ला स्काउट रामेछापलाई स्काउटिङ्ग कार्यक्रमका लागि रु. ५००००।

ख. रा.न.पा . वडा नं. ६ क्यान्सर पिडित श्री रेणुका देवी तामाङ्ग रु .२००००।

ग. क्रियाशील पत्रकार महिला जिल्ला शाखा रामेछापका लागि फुटवल खेल संचालन गर्न रु. ५००००।-

घ. श्री महारुद्र माध्यमिक विद्यालय,बोलङ -बोलङलाई फर्निचर खरिद रु. २५००००।

९. नेपाली कांग्रेस,रामेछाप नगर कार्य समितिको प.सं.२०७५/७६च.नं.२१०/०७६ मिति २०७६/१/८ को पत्र बमोजिम यस नगरपालिकालाई प्राप्त हुने शव बहान बुझिलिने निर्णय गरीयो ।

१०. यस नगरपालिकाको राजस्व परामर्श समितिको बैठकको निर्णय पेश भै समितिको देहाय बमाजिमको निर्णय अनुमोदन एवं सोही बमोजिम कार्यान्वयनको निर्णय गरीयो :

क. राजश्व सम्वन्धी नीति तथा कानूनहरुको तर्जुमा गर्नका लागि वडा कार्यालयमा गै नागरिकहरु संग छलफल परामर्श गर्ने कार्य यही २०७६ बैशाख मसान्त भित्र सम्पन्न गर्ने ।

ख. नगरपालिका  र नगर स्तरीय उद्योग वाणिज्य संघको सहकार्यमा यस नगरपालिका भित्र रहेका उद्योग व्यवसायीलाई कर तथा राजस्व सम्वन्धी २ दिने अभिमुखीकरण कार्यक्रम रामेछाप बजार र सांघुटारमा गर्ने

ग. माथि क र ख कामका लागि लाग्ने खर्च वित्तीय व्यवस्थापन र सुशासन शीर्षकबाट गर्ने ।

११. चालू आ.ब. २०७५/७६ को नगर स्तरीय लक्षित कार्यक्रम शीर्षकबाट देहायका कार्यक्रमहरु संचालन गर्ने निर्णय गरीयो :

क. सेनेटरी प्याड निर्माण तालिम तथा व्यबसाय प्रवर्द्धन/बजारीकरण रु. १५ लाख

ख. होटल कुक तालिम तथा होमस्टे व्यवस्थापन रु. ९ लाख

१२.यस नगरपालिकाको वडा नं. ८ माथिल्लो वजार स्थित रहेको नगरपालिकाको स्वामित्वमा रहेको सार्वजनिक शौचालय माथि रहेको कोठा भाडा हाल उपभोग गर्दै आईरहेका राम बहादुर थापाले कबुल गरे बमोजिम मिति २०७५ श्रावण देखि २०७६ आषाढ सम्मका लागि मासिक रु. १५००। का दरले भाडा कायम गरी भाडा असुल गर्ने निर्णय गरीयो ।

१३.नेपाल नगरपालिका संघलाई चालू आ.ब.२०७५/७६ को सदस्यता शुल्क बापत रु. २५०००। पठाउने निर्णय गरीयो ।

इश्वर राज दाहाल
प्रमुख प्रशासकीय अधिकृत

नर बहादुर थापा
प्रमुख

Scanned by CamScanner

१४. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको प.सं.२०७५/७६ च.नं. १४८ मिति २०७५/१२/२६ को पत्रको बैठकमा जानकारी भै यही वैशाख १९ गते राष्ट्रिय सञ्चार तथा सूचना प्रविधि दिवस मनाउने निर्णय गरीयो ।

१५. प्रदेश सरकार प्रदेश नं.३ उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय हेटौंडाको आगामी आ.व. २०७६/७७ का लागि स्थानीय तहबाट पठाउनु पर्ने नीतिगत सुझाव तथा कार्यक्रमका विषयमा जानकारी भयो ।

१६. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखाको प.सं.२०७५/७६ च.नं. १४५ मिति २०७१/१/४ साथ प्राप्त राष्ट्रिय मानव अधिकार आयोगको यस नगरपालिका संग सम्वन्धित विषयहरु कार्यान्वयन गर्ने निर्णय गरीयो ।

१७.यस नगरपालिकाको तर्फबाट घुम्ती स्वास्थ्य शिविर सञ्चालन गर्ने यस अघिको निर्णय बमोजिम उक्त शिविर देहाय अनुसार सञ्चालन गर्ने निर्णय गरीयो :

| पहिलो चरण | | | |
|---|---|---|---|
| क.सं. | कार्यक्रम संचालन स्थान | मिति | समय |
| १ | सुकाजोर (चांदे भञ्ज्याङ्ग) | हरेक महिनाको ६ गते | विहान १०.०० बजे देखि अपरान्ह ५.०० बजे सम्म |
| २ | ल्यांग ल्यांग | हरेक महिनाको ७ गते | विहान १०.०० बजे देखि अपरान्ह ५.०० बजे सम्म |
| **दोस्रो चरण** | | | |
| १ | हिमगंगा( धारापानी र हिमगंगा स्वास्थ्य चौकीमा हरेक महिनाको पालैपालो गरी संचालन गरिने) | हरेक महिनाको १४ गते | विहान १०.०० बजे देखि अपरान्ह ५.०० बजे सम्म |
| २ | रामपुर(चारघरे र रामपुर स्वा.चौ.मा हरेक महिनाको पालैपालो गरी संचालन गरिने) | हरेक महिनाको १५ गते | विहान १०.०० बजे देखि अपरान्ह ५.०० बजे सम्म |
| ३ | ओखेनी स्वास्थ्य चौकी | हरेक महिनाको १६ गते | विहान १०.०० बजे देखि अपरान्ह ५.०० बजे सम्म |
| **तेस्रो चरण** | | | |
| १ | गोठगाउं स्वास्थ्य चौकी | हरेक महिनाको २६ गते | विहान १०.०० बजे देखि अपरान्ह ५.०० बजे सम्म |
| २ | सांघुटार स्वास्थ्य चौकी | हरेक महिनाको २७ गते | विहान १०.०० बजे देखि अपरान्ह ५.०० बजे सम्म |
| ३ | देउराली स्वास्थ्य चौकी | हरेक महिनाको २८ गते | विहान १०.०० बजे देखि अपरान्ह ५.०० बजे सम्म |
| लक्षित समूहहरु : शिविरको लक्षित समूह अन्तर्गत विशेष गरी गर्भवती महिलाहरु,वृद्धवृद्धाहरु,वालवालिकाहरु प्राथमिकतामा रहनेछन । | | | |
| उपलब्ध हुने सेवाहरु : भिडियो एक्सरे,ल्यावोरोटरी, जनरल उपचार, स्वास्थ्य सेवा प्रवर्द्धन शिक्षा तथा परामर्श, स्त्री रोग तथा परिवार नियोजन, आंखा उपचार,दन्त सेवा आदि । | | | |

इश्वर राज दाहाल
प्रमुख प्रशासकीय अधिकृत

बहादुर थापा
प्रमुख

Scanned by CamScanner

१८. मिति २०७५/१२/२३ मा नगरपालिकाको पत्रकार सम्मेलनमा भएको छलफल अनुसार यही २०७६ बैशाख देखि २०७६ आषाढ मसान्त सम्म ३ महिनाका लागि नगरपालिका कार्यालय र सबै वडाहरुको समेत सूचनाहरु प्रसारण गर्न देहाय बमोजिम रामेछापका र रामेछाप संग सम्वन्धित सञ्चार गृहहरु संग संझौता(MOU) गर्ने निर्णय गरीयो :

क. प्रति एफ.एम रेडियो  रु. १००००।-

ख. प्रति पत्रिका रु. ७०००।-

ग. प्रति अनलाईन पत्रिका रु. ५०००।-

१९.अव देखि कार्यपालिका बैठकमा पहिले तय गरिएका एजेण्डा (आकस्मिक एवं जरुरी रुपमा छलफल र निर्णय गर्नु पर्ने बाहेक) मात्रमा छलफल गर्ने निर्णय गरीयो ।

२०.आगामी कार्यपालिका बैठक यही मिति २०७६ साल बैशाख २० वस्ने गरी आजको बैठक समापन गरीयो ।

इश्वर राज दाहाल
...धिकृत

नर बहादुर थापा मगर
प्रमुख

Scanned by CamScanner